# स्थानीय राजपत्र

वालिङ नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ७ वालिङ संख्या : ६ मिति: २०८० असार १५ गते

## भाग २

# वालिङ नगरपालिकाको टेम्पो अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधी २०८०

मूल्य रु.

# वालिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ वालिङ संख्या: ६ मिति: २०८० असार १५ गते

## भाग २

## वालिङ नगरपालिकाको टेम्पो अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधी २०८०

**प्रस्तावनाः** वालिङ नगरपालिकाको विशेष भित्री सहरी सडक क्षेत्रमा सञ्चालित यात्रु बाहक व्यवसायिक टेम्पो, अटोरिक्सा, ई-

रिक्सा, रिक्सा लगायताका साना यातायात/सवारी साधनको सञ्चालन अनुमती,रुट निर्धारण, भाडादर निर्धारण, सुरक्षित तथा गुणस्तरीय सेवा प्रवाह, पार्किङ लगायतका कार्य व्यवस्थित तथा नियमन गर्न बाञ्छनीय देखिएकोले वालिङ नगर कार्यपालिकाको वैठकबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) ट, (४) ट (१) (२) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी स्वीकृत गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षित नाम र प्रारम्भः

(क) यो कार्यविधीको नाम "वालिङ नगरपालिकाको टेम्पो अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधी, २०८०" रहेको छ ।

(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

(क) "सडक" भन्नाले नगर क्षेत्रभित्र रहेका सडकहरु सम्झनु पर्दछ ।

(ख) "शहरी सडक" भन्नाले यस नगरपालिकाबाट बनाईएको, बिस्तार गरिएको तथा नगरपालिकालाई मर्मत सम्भार गर्न हस्तान्तरण भै आएका सडक समेतलाई सम्झनु पर्दछ ।

(ग) "यातायातका साधन" भन्नाले प्रचलित यस कार्यविधीको प्रयोजनको लागि नगरपालिकाले व्यवस्थापन गर्न अधिकार प्राप्त गरेका रिक्सा, अटो रिक्सा, ई-रिक्सा, टेम्पो आदि सम्झनु पर्दछ ।

(घ) "रुट अनुमति तथा "भाडादर निर्धारण समिति" भन्नाले कार्यविधिको बुँदा नं ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ङ) "सवारी धनी" भन्नाले प्रचलित कानून बमोजिम सवारी साधन सञ्चालन गर्न अनुमति पत्र प्राप्त व्यक्ति अथवा संस्था सम्झनु पर्दछ ।

(च) "नगर प्रमुख" भन्नाले वालिङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "नगर उपप्रमुख" भन्नाले वालिङ नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "कार्यालय प्रमुख" भन्नाले यस नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "रुट इजाजत पत्र" भन्नाले यस कार्यविधी बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ ।

(ञ) "भाडादर" भन्नाले नगर कार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

## परिच्छेद-२

## इजाजत, नवीकरण र खारेजी

### ३. रुट इजाजत तथा खारेजी सम्बन्धी व्यवस्थाः

१) अनुमती बिना सञ्चालन गर्न नपाइनेः

क) यस नगरपालिका क्षेत्रमा यो कार्यविधी बमोजिम अनुमति पत्र नलिई कुनै पनि सवारी साधन सञ्चालन गर्न पाइने छैन । सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसुची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भए पश्चात आवश्यक सामान्य प्रशासनिक कारवाहीको लागि सडक तथा वस्ती विकास शाखा अन्तर्गत मेकानिकल उपशाखामा जाँचबुझको लागि पठाइनेछ । उक्त उपशाखा गठन नभएसम्मका लागि सो कार्य प्रशासन उपशाखाले गर्नेछ ।

२) आवश्यक कागजात पेश गर्नुपर्नेः

सवारी साधन सञ्चालन गर्न चाहने सवारीधनीले निवेदनका साथमा निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

क) सवारी साधन भनी व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) सवारी साधन अनि कुनै संस्था भएमा फर्मको दर्ता प्रमाणपत्र, भन्सार पास, मूल्य अभिवृद्धि कर दर्ता तथा करचुक्ता र नविकरणको प्रमाण/निस्सा ।

ग) सवारी साधन दर्ता प्रमाण (ब्लु बुक)

घ) सवारी चालकको नियुक्ति पत्र ( लाईसेन्स सहित)

ङ) तेस्रो पक्ष बीमा,यात्रु बीमा गरेको प्रमाण पत्र/निस्सा तथा अन्य आवश्यक कागजातहरु ।

च) सवारी साधन ध्वनी प्रदुषणको मापदण्ड भित्र हुनुपर्छ ।

३) इजाजत पत्र दिन सकिनेः-

नियमानुसार पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडादर निर्धारण समितिमा पेश गर्नेछ । समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषय बुझी आवश्यक ठानेमा इजाजत दिन कार्यालयलाई लेखी पठाउन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूचि २ बमोजिम सवारी रुट ईजाजत पत्र दिनु पर्नेछ ।

## ४. रुट ईजाजत नविकरण सम्बन्धी व्यवस्थाः

सवारी धनीले प्रत्येक १ वर्षमा निम्न दरको दस्तुर तिरी सवारी रुट ईजाजत नविकरण गर्नुपर्नेछ ।

क) नया दर्ता ७०००।–

ख) रिक्सा रु. १०००।–

ग) अटो रिक्सा रु.४०००।–

घ) टेम्पो रु.४०००।–

घ) इ-रिक्सा रु ५०००।–

ङ) मोटरसाईकल रु ११००।–

च) स्कुटर रु १०००।–.

## ५. इजाजत पत्रको खारेजीः-

सवारी धनी तथा सवारी चालकले यस कार्यविधी विपरित कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानून उल्लङ्घन गरेमा समितिबाट लेखी आएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्ने छ र सोको अभिलेख अद्यावधिक गर्न लगाउनेछ। खारेजी गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाईको पेश गर्ने मौका दिईनेछ ।

# परिच्छेद ३

# समितिको व्यवस्था

## ६. रुट इजाजत तथा भाडा दर निर्धारण समिति सम्बन्धी व्यवस्थाः-

१) रुट ईजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिस गर्न देहाय बमोजिम समिति रहेको छ ।

संयोजकः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः संयोजक, पूर्वाधार विकास समिति

सदस्यः नगरप्रमुख बाट मनोनित कार्यपालिकाका १ जना महिला सदस्य

सदस्यः इलाका प्रशासन कार्यालयका प्रतिनिधि १ जना

सदस्यः कानून शाखा प्रमुख १ जना

सदस्यः अटो प्रालिका पदाधिकारीमध्येबाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधी १ जना

सदस्यः संघीय वा प्रादेशिक सरकारको स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख १ जना

सदस्यः उपभोक्ता मध्येबाट नगरकार्यपालिकाले तोकेको प्रतिनिधि १ जना

सदस्य सचिवः योजना, अनुगमन तथा प्रशासन प्रमुख ।

२) समितिको बैठक सरोकार व्यक्ति वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३) रुट निर्धारण क्षेत्र र भाडादर अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ७. रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकारः-

रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रचलित संघीय कानूनको प्रतिकूल नहुने गरी शहरी सडकहरुको भाडा दर निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने ।

ख) नगरपालिका भित्र मुख्य सडक र अत्यन्तै जोखिम युक्त सडक बाहेक कानून बमोजिमका मापदण्ड पूरा गरेका सवारी धनीलाई बुँदा न ३ को उपबुँदा ३ बमोजिम सवारी चाप, यात्रीको चाप

लगायतका कुराहरु मूल्याङ्कन गरी रुट इजाजत सिफारिस गर्ने ।

ग) कार्यविधी उल्लङ्घन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्ने लगायतका अन्य कानूनी कारवाहीको लागि पत्र पठाउने ।

घ) नगर कार्यपालिकाले तोकिएका र अन्य उपयुक्त कार्य गर्ने ।

## परिच्छेद-४

## सवारी साधन धनी/सञ्चालक तथा चालकको काम, कर्तव्य

**८. सवारी साधन चालकका काम, कर्तव्य**: सवारी साधन चालकका काम, कर्तव्य देहाय बमोजिम हुनेछन् :–

(क) नगर कार्यपालिकाबाट स्वीकृत भाडा दर सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) स्वीकृत भाडा दर भन्दा बढी भाडा लिन पाइने छैन, लिएको पाइएमा इजाजत पत्र, रुट इजाजत खारेजी लगायत कानूनी कारवाही गरिनेछ ।

(ग) सिटमा निर्धारित संख्या भन्दा बढी यात्रु राख्न पाइने छैन, यस्तो कार्य गरेको पाइएमा निर्णय बमोजिमको जरिवाना गरी इजाजत पत्र, रुट इजाजत खारेजी लगाएत कानून बमोजिम कारबाही गरिनेछ ।

(घ) यात्रुहरुसँग सरल र नम्र व्यवहार गर्नुपर्नेछ ।

(ङ) तोकिएको रुटमा मात्र सवारी साधन सञ्चालन गर्नुपर्नेछ ।

(च) सवारी साधनहरुलाई सडक तथा सार्वजनिक स्थल अवरोध नहुने गरी निर्धारित पार्किङ स्थल वा निजी ग्यारेजमा राख्नुपर्नेछ ।

(छ) सवारी साधन सञ्चालन गर्दा सिर्जना हुने फोहरमैला तोकिएको स्थानमा मात्र विसर्जन गर्नुपर्नेछ ।

९. **सवारी धनीको काम, कर्तव्य**: सवारी धनीको काम, कर्तव्य देहाय बमोजिम हुनेछन्:–

(क) निवेदनका साथ तोकिएका आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

(ख) सवारी चालकलाई तोकिएको भाडादर मात्र लिन लगाउनु पर्नेछ ।

(ग) भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु/ राख्न लगाउनु पर्नेछ ।

(घ) तोकिएको रुटमा मात्र सवारी चलाउनु/चलाउन लगाउनुपर्नेछ ।

(ङ) नगरपालिकाबाट तोकिएको रुट इजाजत दर्ता तथा नविकरण दस्तुर समयम नै बुझाउनु पर्नेछ ।

(च) सावरी चालक, यात्रु तथा तेस्रो पक्ष बीमा गराउनुपर्नेछ ।

(छ) सवारी साधनहरुलाई सडक तथा सर्वजनिक स्थल अवरोध नहुने गरी निर्धारित पार्किङ स्थल वा निजी ग्यारेजमा राख्नुपर्नेछ ।

## परिच्छेद-५

## दण्ड सजायँ सम्बन्धी व्यवस्था

१) यस कार्यविधी बमोजिम रुट अनुमति नलिई र नवीकरण नगरी कसैले सवारी साधन सञ्चालन गरेकोले समितिबाट लेखी आएमा प्रमुख प्रशासकीय अधिकृतले पटकै पिच्छे रु. ५००।– (अक्षरुपी पाँचसय रुपैयाँ) सम्म जरिवाना गर्न सक्नेछ ।

२) तोकिए बमोजिम दरभन्दा बढी भाडा लिएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले पटकै पिच्छे रु १०००।– ( अक्षरुपी एक हजार रुपैयाँ) सम्म जरिवाना गर्न सक्नेछ । समय अवधिभित्र नवीकरण नगरेमा प्रतिवर्ष १० प्रतिशत जरिवाना गर्न सकिनेछ र प्रत्येक वर्ष १० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

# अनुसूची-१

(परिच्छेद २ को बुँदा नं ३ को उपबुँदा १ सँग सम्बन्धित)

मिति…………………

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
वालिङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
वालिङ, स्याङ्जा ।

विषयः- सवारी रुट अनुमति पाउँ ।

प्रस्तुत विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा, ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा सञ्चालन गर्न अनुमति पाउन दरखास्त वापत रु. २००/– को रसिद संलग्न राखी निवेदन पेश गरेको छु/छौं ।

सवारी साधनको विवरणः

सवारी साधनको किसिमः
सवारी दर्ता नं र दिने कार्यालयः
चेसिस नंः
इन्जिन नंः मोडलः
बनेको सालः
यात्रु सिटः यात्रु सँख्याः

<u>सवारी धनिको विवरण:</u>

नाम: ना.प्र.नं:

ठेगाना:

संस्था भए दर्ता विवरण:

सञ्चालन गरेको रुट:

<u>संलग्न कागजात</u>

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु। यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदकको नाम:

दस्तखत:

मिति:

# अनुसूची-२

(परिच्छेद २ को बुँदा नं ३ को उपबुँदा ३ सँग सम्बन्धित)

मिति...............

वालिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

ईजाजत पत्र नं.

श्री........................................

..........................................।

तपाईंको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व...............को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ। प्रचलित ऐन कानूनको अधीनमा रही सवारी सञ्चालन गर्नुहुन अनुरोध छ ।

सवारी साधनको विवरणः

सवारी साधनको किसिमः

सवारी दर्ता नं र दिने कार्यालयः

चेसिस नंः

इन्जिन नं मोडलः

बनेको सालः

यात्रु सिटः यात्रु सँख्याः

<u>सवारी धनिको विवरणः</u>

नामः ना.प्र.नंः

ठेगानाः

संस्था भए दर्ता विवरणः

सञ्चालन गर्न अनुमति दिएको रुटः

सञ्चालन गर्न अनुमति दिएको अवधि ........................देखि..........................सम्म

<u>रुट इजाजत पत्र प्रदान गर्ने अधिकारीको</u>

दस्तखतः

नामः

पदः मितिः

# अनुसूची-३

(परिच्छेद २ को बुँदा न ६ को उपबुँदा ३ सँग सम्बन्धित)

| विवरण | सडकको किसिम | तीन कि.मि सम्मको भाडा दर रु | तीन कि.मि भन्दा माथि प्रति कि.मि को भाडा दर रु |
|---|---|---|---|
| टेम्पो, अटोरिक्सा, इ रिक्सा | पक्की | | |
| टेम्पो, अटोरिक्सा, इ रिक्सा | कच्ची | | |

**प्रमाणीकरण मिति : २०८०/०३/१५ गते**

**राजपत्रमा प्रकाशित मिति : २०८०/०३/१५ गते**

आज्ञाले,
तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत